# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०४।११ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

श्री नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गत क्षेत्रीय कृषि अनुसन्धान केन्द्र, खजुरा बाँकेका तत्कालीन प्रशासकीय अधिकृत (ए ६) भ्युसन कुमार योगीको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली रहेकाले छानविन गरी आवश्यक कारवाही गरिपाउँ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजले माध्यमिक शिक्षा परिषद, उत्तरप्रदेश, भारतबाट प्राप्त गरेको इन्टरमिडियट (आई.ए. कला संकाय)उत्तीर्ण गरेको नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी प्रमुख प्रशासन सहायक (ए ५) पदमा नियुक्ति लिइ प्रशासकीय अधिकृत (ए ६) पदमा बढुवा भै लाभ लिएको देखिन आएको हुँदा निजको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन,२०१७ को १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर भएको देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा १२ र दफा २९ को उपदफा (२) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता